# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८०।०८।०४ गते।

## प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएका मुद्दाहरु।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये सार्वजनिक सम्पत्ति हानिनोक्सानी गरी भ्रष्टाचार गरेको सम्बन्धी मुद्दाहरुमा आयोगको निर्णय अनुसार मिति २०८०।०८।०४ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ।

प्रवक्ता
भोला दाहाल

**देहायः**

| सि.नं. | प्रतिवादी | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादी छेवाङ लामा समेत ३ जना (छेवाङ लामा, बोधनाथ उप्रेती र निर्मल लामा स्याङतान समेत प्रतिवादीहरु भएको, बिशेष अदालतको मुद्दा नं. ०७७-CR-००३३), बिशेष अदालतबाट फैसला भएको मिति २०७९/११/०२ | झुठ्ठा व्यहोराको गलत प्रतिवेदन दिई सरकारी रकम हिनामिना गरी भ्रष्टाचार गरेको। | **<u>प्रतिवादीहरु छेवाङ लामा, बोधनाथ उप्रेती र निर्मल लामा स्याङतानको हकमाः</u>**<br>हिमालय माध्यमिक विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष छेवाङ लामा, विद्यालयका प्रधानाध्यापक बोधनाथ उप्रेती र रोशी गाउँपालिकाका इन्जिनियर निर्मल लामा स्याङतान समेतले निर्माणस्थलमा भएको कार्यको यकिन वास्तविक नापजाँच नगरी नभए नगरेको **रु.७,८४,४४६।३४** (अक्षरेपी सातलाख चौरासी हजार चारसय छयालिस र पैसा चौतिस मात्र) बराबरको कार्य समेत नापी किताबमा उल्लेख गरी कार्य सम्पन्न प्रतिवेदन तयार गरी निर्माणस्थलमा हुँदै नभएको कार्यको उक्त रकम समेत भुक्तानी लिई दिई निज प्रतिवादीहरू छेवाङ लामा, बोधनाथ उप्रेती र निर्मल लामा स्याङतानले सरकारी रकमको हिनामिना, हानी नोक्सानी र दुरुपयोग गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ र दफा १९ को उपदफा (२) बमोजिम कसूर गरेको देखिंदा विगो **रु.७,८४,४४६।३४** (अक्षरेपी सातलाख चौरासी हजार चारसय छयालिस र पैसा चौतिस मात्र) कायम गरी निज प्रतिवादीहरू छेवाङ लामा, बोधनाथ उप्रेती र निर्मल लामा स्याङतान तीनै जनालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ मा उल्लेख भए वमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा (३) को उपदफा | <u>फैसलाः</u><br>प्रतिवादीहरुलाई आंशिक ठहर,आरोप मागदावी भन्दा फरक तथा न्यून बिगो कायम गरी कसूर ठहर तथा सजाय हुने समेतको फैसला भएक।<br>**<u>प्रतिवादीहरु छेवाङ लामा, बोधनाथ उप्रेती र निर्मल लामा स्याङतानको हकमाः</u>**<br>प्रस्तुत मुद्दामा विशेष अदालत, काठमाण्डौबाट मिति २०७९।११।०२ मा फैसला हुँदा मिशिल संलग्न लागत इष्टिमेट, सम्झौता, नापी किताब, कार्य सम्पन्न प्रतिवेदन, कृष्ण सुवेदी समेतले पेश गरेको प्राविधिक (फिल्ड) प्रतिवेदन, प्रतिवेदक तथा अन्य व्यक्तिले अदालतमा गरेको बकपत्र, रु.३,८२,७७५।- विद्यालयको खातामा बैंक मौज्दात देखिएको समेतका आधारमा प्रतिवादीहरु छेवाङ लामा र बोधनाथ उप्रेतिले रु.४,०१,६७१।-(अक्षरेपी चारलाख एकहजार छ सय एकहत्तर मात्र) सम्मको नगरेको निर्माण कार्यको भुक्तानी लिनुदिनु गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ वमोजिमको कसुर गरेको ठहरी निज प्रतिवादीहरु छेवाङ लामा र बोधनाथ उप्रेतीलाई सोही दफा १७ र दफा ३(१)(घ) बमोजिम हानी नोक्सानी भएको विगो रु.४,०१,६७१।- (अक्षरेपी चारलाख एकहजार छ सय एकहत्तर मात्र) को दामासाहीले हुन आउने रु.२,००,८३५।- जनही बिगो कायम भई कसुरको मात्रा अनुसार जनही ६(छ) महिना कैद र बिगो बमोजिम जरिवाना हुने तथा हानी नोक्सानी गरेको बिगो जनही रु.२,००,८३५।- निज प्रतिवादीहरुबाट भराइदिने ठहरी र अर्का प्रतिवादी निर्मल लामा स्याङ्तानले नभएको कामको गलत कार्य सम्पन्न प्रतिवेदन दिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९(२) वमोजिमको कसुर गरेको पुष्टी भएको हुँदा सोही दफा वमोजिम कसुरको मात्रा अनुसार ३(तीन) महिना कैद र रु.१०,०००।- (अक्षरेपी दश हजार मात्र) जरिवाना सजाय हुने ठहरी तथा वादीको अन्य दावी पुग्न नसक्ने भन्ने फैसला भएको।<br>**<u>विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः</u>**<br>प्रस्तुत मुद्दामा सम्मानित बिशेष अदालत, काठमाण्डौबाट कुल ३ जना प्रतिवादीहरुमध्ये २ जना प्रतिवादीहरुको हकमा कैद तथा कायम भएको | ❖ प्रस्तुत मुद्दाका सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, हेटौंडाबाट खटिएको टोलीले पेश गरेको निज प्रतिवादीहरुको रोहवरमा भएको मुचुल्का सहितको स्थलगत निरीक्षण प्रतिवेदनबाट उक्त स्थानको स्थलगत निरीक्षण गर्दा पुरानो ढुङ्गा, माटो र आर.सि.सि. ढलान हटाईएको, माटो र ढुङ्गाको पुरानो वाललाई ईट्टा र सिमेन्टको जडानलाई नयाँ तयार गरिएको भनी झुठ्ठा मुल्यांकन गरिएको, पुरानो दुईवटा ढुङ्गा र माटोको वाल भएको ट्रस ब्लक, पुरानै ईट्टा र सिमेन्ट भएको वाललाई प्लास्टर गरिएको र आर.सि.सि. ढलान ईट्टाको जडान नगरिएको स्पष्ट रुपमा देखिएको मिशिल संलग्न तथ्य, प्रमाण र आधारहरुलाई अनदेखागरी निज प्रतिवादीहरुलाई कैद र जरिवाना तथा बिगो असुलउपर गर्ने कसूर ठहर गरी सजाय गर्दा आरोपमागदावी भन्दा फरक न्यून बिगो कायम हुने गरी सजाय हुने ठहरी भएको फैसला सो हदसम्म त्रुटीपूर्ण भएकोले सो हदसम्म बदरभागी रहेको।<br>❖ श्री हिमालय मा.वि. को योजना अन्तर्गत निर्माणस्थलमा हुँदै नभएको सिमेन्ट प्लास्टर भत्काउने कार्य, आर.सि.सि. भत्काउने कार्य, ढुङ्गा र माटोको गारो लगाएको वाल भत्काउने कार्य, ईट्टा र सिमेन्ट जोडाईको वाल लगाउने कार्य, भुकम्प ब्लकमा डि.पि.सि.,सिल र लिन्टेल ढलान र डण्डीको कार्य नापी किताबमा चढाई झुठ्ठा विवरण सहितको कार्य सम्पन्न प्रतिवेदन तयार गरी निकाशा भएको रकम फछ्र्यौट गरेको देखिएको तथा प्रतिवादीहरुले सम्पन्न गरेको भनिएका विभिन्न प्रकारका कामहरु नापी किताबमा उल्लेख गरेको भएतापनि निर्माणस्थलमा नभएको नगरेको कार्यहरुको कुल रकम **रु.७,८४,४४६।३४** बराबरको लागत लागेको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | (१) को खण्ड (ङ) बमोजिम सजाय गरी हिनामिना हानी नोक्सानी गरेको बिगो **रु.७,८४,४४६।३४** (अक्षरेपी सातलाख चौरासी हजार चारसय छयालिस रूपैया र पैसा चौतिस मात्र) निज प्रतिवादीहरू छेवाङ लामा, बोधनाथ उप्रेती र निर्मल लामा स्याङतानबाट भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम असुल उपर गरी हुँदै नभएको काम भएको भनी गलत नापी किताब तथा कार्य सम्पन्न प्रतिवेदन तयार गरी प्रमाणीत गर्ने यी तीनैजना आरोपितहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिम समेत सजाय हुन मागदावी लिइएको। | बिगो बमोजिमको दामासाहीले जरिवाना सजाय हुने तथा कायम भएको बिगो बमोजिमको रकम दामासाहीले निजहरुबाट असुलउपर हुने तथा अर्को १ जना प्रतिवादीलाई आरोप मागदावी भन्दा फरक कैद तथा जरिवाना सजाय हुने ठहरी आरोप मागदावी भन्दा न्युन बिगो कायम हुने समेत गरी आंशिक ठहर हुने गरी फैसला गर्दा लिईएका आधार तथा कारणहरु देहाय बमोजिम रहेका छन्:<br><br>क) जिल्ला शिक्षा कार्यालयको अनुदानमा श्री हिमालय माध्यमिक विद्यालयको ३ वटा ट्रस्ट भवन निर्माणका लागि रु.२१,७५,०००।- आर्थिक सहयोग लिनेदिने गरी तत्कालिन जिल्ला शिक्षा कार्यालय काभ्रेपलाञ्चोक र श्री हिमालय माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिबीच सम्झौता भएको देखिएको, सम्झौता बमोजिमको कार्य गरेको भनी लागत इष्टिमेट बमोजिम नै नापी किताब तयार गरी कार्य सम्पन्न प्रतिवेदन तयार गरी जिल्ला शिक्षा कार्यालयबाट रकम भुक्तानी लिएको देखिएको।<br>ख) अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट गरेको स्थलगत मुचुल्काबाट सि. जि. आई. सिट भत्काउने कार्य भएको, भुकम्प ब्लकको सिमेन्ट भत्काउने कार्य नभएको तर माटोको जोडाइमा ढुङ्गाको पुरानो गारो सफागर्ने काममात्र भएको, इट्टाको गारो सिमेन्ट जोडाईसंग सम्बन्धित कुनैपनि कार्य नभएको, शिक्षा र भूकम्प ब्लकमा प्लाष्टर र रङ्गरोगन गर्ने कार्य भएको सोही ब्लकमा डि. पि. सि. सिल लिन्टेल ढलान र डण्डीको कार्य भएको नदेखिएको, शिक्षा ब्लकमा लिन्टेल सम्बन्धी कार्य भएको, दुबै ब्लकमा पुरानो सि. जि. आई. हटाएर नयाँ युपिभिसी सिट लगाइएको, झ्याल ढोकामा इनामेल लगाउने कार्य भएको देखिएको, भुकम्प ब्लकमा पनिङ्ग लगाएको भन्ने देखिएको ।<br>ग) अख्तियार दुरुपयोग अनुसन्धान आयोगको स्थलगत मुचुल्काबाट विभिन्न प्रकारका कामहरु नापी किताबमा उल्लेख भएतापनि निर्माणस्थलमा नभएको नगरेको कार्यहरूको कुल रकम रु.७,८४,४४६।३४ बराबरको लागत लागेको देखिएको, जसमा निम्न बमोजिमको शीर्षकहरू रहेका: Dismantling of Cement Plaster, Dismantling of RCC, Dismantling of RR stone masonry with mud mortar, Brick Masonry in 1:6 Cement mortar, PCC 1:1.5:3 for RCC in superstructure, र Steel Reinforcement Works भन्ने समेत रहेका।<br>घ) निर्माणकार्य सम्बन्धमा इट्टाको वाल लगाउनु पर्नेमा ढुङ्गाको वाल लगाएको, इट्टा र त्यहाँ लगाइएको ढुङ्गाको लागत बराबर देखिएको, | देखिएको जसमा विभिन्न शीर्षकहरु: Dismantling of Cement Plaster, Dismantling of RCC, Dismantling of RR stone masonry with mud mortar, Brick masonry in 1:6 Cement Mortar, PCC 1:1.5:3 for RCC in superstructure, र Steel Reinforcement Works भन्ने रहेको र उक्त नभए नगरेको कार्यहरु गरेको भनि निज प्रतिवादीहरुको मिलेमतोमा निजहरुले बदनियतपूर्वक नापी किताब तथा कार्य सम्पन्न प्रतिवेदन समेत तयार गरी पेश गरी भुक्तानी लिए दिएको देखिएबाट नेपाल सरकारलाई बिगो रकम **रु.७,८४,४४६।३४** बराबरको हानीनोक्सानी भएको मिशिल संलग्न तथ्य, प्रमाण र आधारहरुलाई अनदेखागरी निज प्रतिवादीहरुलाई आरोप पत्रमा उल्लेखित आरोप मागदावी बमोजिम सजाय हुनु पर्नेमा निज प्रतिवादीहरुलाई कसूर ठहर गरी सजाय गर्दा आरोप मागदावी भन्दा फरक न्यून बिगो कायम हुने समेत गरी सजाय हुने ठहरी भएको फैसला सो हदसम्म त्रुटीपूर्ण भएकोले सो हदसम्म बदरभागी रहेको।<br>❖ जिल्ला शिक्षा कार्यालयको अनुदानमा श्री हिमालय माध्यमिक विद्यालयको ३ वटा ट्रस्ट भवन निर्माणका लागि रु.२१,७५,०००।- आर्थिक सहयोग लिनेदिने गरी तत्कालिन जिल्ला शिक्षा कार्यालय काभ्रेपलाञ्चोक र श्री हिमालय माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिबीच सम्झौता भएको देखिएको, सम्झौता बमोजिमको कार्य गरेको भनी लागत इष्टिमेट बमोजिम नै नापी किताब तयार गरी कार्य सम्पन्न प्रतिवेदन तयार गरी जिल्ला शिक्षा कार्यालयबाट रकम भुक्तानी लिएको व्यहोरा मिशिल संलग्न राष्ट्रिय बाणिज्य बैंक, शाखा कार्यालय धुलिखेलबाट मिति २०७६।११।२० मा लेखिएको पत्रानुसार रोशी गाउँपालिका वडा नं. ६ स्थित हिमालय माध्यमिक विद्यालयको खाता नं १०४००००६८५०१ मा रोक्का रहेको रकमहरु विभिन्न पत्रहरुको आधारमा रोक्का फुकुवा गरिएको देखिएबाट नै सवै किस्ता रकमहरु गरी कुल रु.२१,७५,०००।- नै निज प्रतिवादीहरुले |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | लागत अनुसारको काम विद्यालयमा भएको देखिएको तर लागत इष्टीमेट र कार्यान्वयन गर्ने आइटममा फरक देखिएको, नापी किताबमा लागत इष्टिमेट अनुसारकै आइटम नै राखी मूल्यांकन गरिएको देखिएको, नाप जाँच गर्दा बढी आउने आइटमहरूको भुक्तानी नदिने भएकाले भनी हुबहु नै राखी मुल्यांकन गरेको पुष्टी भएको अवस्था रहेको।<br>ङ) विद्यालय व्यवस्थापन समितिले गरेको वास्तविक काम उल्लेख नगरी नापी किताबमा लागत इष्टिमेट अनुसारको निर्माण स्थलमा नभएको अवास्तविक आइटम उल्लेख गरेको देखिएको।<br>च) प्रतिवादीहरूले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको स्थलगत प्रतिवेदनमा उल्लेख भएको निर्माणस्थलमा नभएको कार्यको विस्तृत विवरणमा विमति जनाएको नदेखिएको।<br>छ) जिल्ला शिक्षा कार्यालयबाट समयमा नै लागत इष्टिमेट प्राप्त नभएकोले वास्तविक कामको विवरण फरक पर्न गएको र सम्झौता भन्दा बढी काम गरेकोले रकम हिनामिना नभएको प्रतिवादी जिकिर गरेको देखिएको, यसरी कार्य सम्पन्न प्रतिवेदन, नापी किताबमा उल्लेख भएको विवरणबाट **रु.७८४,४४६।३४** बराबरको काम नभएको तथ्य स्थापित भएको देखिएको।<br>ज) राष्ट्र सेवकले गैरकानूनी लाभको बदनियत राखी सरकारी सम्पती गैरकानूनी रूपमा हानी गर्ने कार्य भ्रष्टाचार हुने। राष्ट्र सेवकले आफ्नो ओहदाको कर्तव्य निर्वाह गर्दा आफूलाई वा अरु कसैलाई अनुचित लाभ पुऱ्याउने बदनियतले कानून विपरित कुनै कार्य गर्नु वा गर्नुपर्ने कार्य नगर्नुलाई ओहदाको दुरुपयोग मानिने । बदनियतले ओहदाको दुरुपयोग गरेमा भ्रष्टाचार गरेको मानिने।<br>झ) प्रतिवादीहरूको नापी किताबको विवरण फरक परेतापनि लागत इष्टिमेट भन्दा बढि काम गरेकाले भ्रष्टाचारको कसूर नगरेको जिकिर गरेको देखिएतापनि बढी कामको विवरण दिई प्रतिवादी जिकीर पुष्टी हुन सकेको नदेखिएको। प्रमाणको अभावमा प्रतिवादी जिकिर पुष्टी हुन नसकेको ।सम्झौता बमोजिमको दायित्व बहन गर्ने कार्यमा प्रतिवादीहरू चुकेको देखिएको।<br>ञ) प्रतिवादीहरू समेतको रोहवरमा मिति २०७६।९।३ मा भएको मुचुल्का सहितको प्रतिवेदनमा 'निर्माणस्थलमा हुँदै नभएको कार्य नापी किताबमा चढाएको' भन्ने र रु.७,८४, ४४६।३४ बराबरको विभिन्न प्रकारका काम भएको छैन भनी प्राविधिक प्रतिवेदनमा उल्लेख हुनुको साथै सोही व्यहोरालाई समर्थन हुनेगरी प्रतिवेदकहरूले अदालतमा | भुक्तानी लिएको देखिएको र निज प्रतिवादीहरुले नभए नगरेको काम गरेको भनी बदनियतपूर्वक कार्य सम्पन्न प्रतिवेदन तयार गरी आफूहरुलाई गैरकानूनी लाभ पुग्ने र नेपाल सरकारलाई बिगो मागदावी बमोजिमको रकम **रु.७,८४,४४६।३४** बराबरको हानीनोक्सानी भएको मिशिल संलग्न तथ्य, प्रमाण र आधारहरुलाई अनदेखागरी निज प्रतिवादीहरुलाई आरोप पत्रमा उल्लेखित आरोप मागदावी बमोजिम सजाय नगरी उक्त हिमालय माध्यमिक विद्यालयको खातामा रु.३,८२,७७५।– बैंक मौज्दात देखिएको भन्ने आधारमा प्रस्तुत मुद्दासँग कुनै सरोकार नै नभएको रकमलाई बिगो मागदावी बमोजिमको रकम **रु.७,८४,४४६।३४** बाट घटाई आरोप मागदावी भन्दा न्यून बिगो कायम गर्ने गरी ठहरी सजाय हुने गरी भएको सम्मानित विशेष अदालत काठमाण्डौको फैसला सो हदसम्म त्रुटीपूर्ण भएकोले सो हदसम्म बदरभागी रहेको।<br>❖ प्रस्तुत मुद्दाका प्रतिवादीहरुले मौकामा तथा सम्मानित अदालत समक्ष बयान गर्दा आरोपित कसूरमा ईन्कार रहि बयान गरेता पनि निजहरुले निर्माण कार्य सम्बन्धी सम्झौतामा उल्लेख भएको लागत ईष्टिमेट भन्दा बाहिरको कार्य गरेको व्यहोरामा साबिति रही बयान गरेको अवस्था रहेको छ, निजहरुले प्रतिवादी जिकिर लिएको बढी कार्य गरेको भन्ने सम्बन्धमा स्पष्ट प्रमाण पेश गर्न नसकेको, पुरानै र पहिल्यै भई सकेका कार्यहरु समेतलाई हालै गरेको कार्य हो भनी बदनियतपूर्वक कागजातहरु तथा प्रतिवेदन समेत तयार पारी आफूहरुलाई गैरकानूनी लाभ र नेपाल सरकारलाई हानी पुग्ने कार्य गरेको कुरा मिशिल संलग्न तथ्य र प्रमाणहरुबाट पुष्टी भईरहेको अवस्था देखिंदा देखिंदै उक्त कुरालाई अनदेखागरी निज प्रतिवादीहरुलाई आरोप मागदावी भन्दा फरक न्यून बिगो कायम हुने समेत गरी कसूर ठहरी सजाय भएको सम्मानित बिशेष अदालत काठमाण्डौको फैसला सो हदसम्म त्रुटीपूर्ण भएकोले सो हदसम्म |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | बकपत्र गरेको देखिएको।<br>ट) नापी किताबमा अवास्तविक कार्यहरू देखाई भुक्तानी लिएको देखिएबाट नै प्रतिवादीहरूले बदनियतपूर्वक सरकारी रकम लिएको भन्ने देखिएको । प्रतिवादीहरूले सो रकम विद्यालयको काममा प्रयोग गरेको पुष्टी गर्न नसकेको तर सो रकम खर्च भएको देखिएकोले प्रतिवादीहरुले निजी लाभ लिएको देखिएको।<br>ठ) विद्यालयको खातामा रु.३,८२,७७५।- रहेको देखिएकोले वादी दावीको रकम **रु.७,८४,४४६।३४** बाट सो रकम घटाउँदा हुन आउने रु.४,०१,६७१।- प्रतिवादीहरुले हिनामिना गरेको देखिएको।<br>ड) प्रतिवादी मध्येका निर्मल लामा स्याङतानले भए गरेका वास्तविक भन्दा फरक व्यहोरा उल्लेख गरी नापी किताब तयार गरी पेश गरेको देखिएको। यी प्रतिवादीले भुक्तानी लिने दिने कार्यमा भुमिका गरेको नदेखिंदा निजी लाभ लिएको लिए खाएको पुष्टी हुन नसकेको। | बदरभागी रहेको।<br>प्रस्तुत मुद्दाका प्रतिवादीहरुले बदनियतपूर्वक नभए नगरेको निर्माण सम्बन्धी कार्यको नापी किताब तथा कार्य सम्पन्न प्रतिवेदन बनाई सरकारी रकमको हिनामिना र हानीनोक्सानी गरी आफूहरुले गैरकानूनी लाभ लिनको लागि योजनावद्ध रुपमा उक्त भ्रष्टाचारजन्य कसुर गरेको अवस्था देखिंदा देखिंदै निजहरुको कसूरको मात्रा बढि नै भएको अवस्था समेतलाई मध्यनजर गरी आरोपमागदावी बमोजिम सजाय गर्नु पर्नेमा सो नगरी आरोप मागदावी भन्दा फरक तथा न्यून बिगो कायम गरी निज प्रतिवादीहरुलाई कैद, जरिवाना र बिगो असुल उपर गर्ने सजाय हुने गरी भएको फैसला निजहरुको कसूरको अनुपातमा नमिलेको तथा कसूरको गम्भीरतालाई समेत मध्यनजर नगरी भएको देखिएकोले सम्मानित बिशेष अदालत काठमाण्डौबाट भएको फैसला सो हदसम्म त्रुटीपूर्ण भएकोले सो हदसम्म बदरभागी रहेको। |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | प्रतिवादी **कर्ण बहादुर बिष्ट** समेत २ जना (कर्ण बहादुर बिष्ट र नवराज जोशी प्रतिवादीहरु भएको, बिशेष अदालतको मुद्दा नं.०७६-CR-०३७७), बिशेष अदालतबाट फैसला भएको मिति २०७९/१२/२८ | सामुदायिक वनको उपभोक्ता समितिको रकम हिनामिना गरी भ्रष्टाचार गरेको । | **<u>प्रतिवादी कर्ण बहादुर बिष्टको हकमाः</u>**<br>शहीद स्मृति सामुदायिक वन उपभोक्ता समुह भि.न.पा. -३ तिलकपुरका अध्यक्ष कर्ण बहादुर बिष्टले ट्र्याक्टर खरिद बापत वन उपभोक्ता समुहको रु.१२,९०,०००।– (अक्षरेपी बाह्लाख नब्बे हजार मात्र) खर्च गरेको मिशिल संलग्न तथ्य र प्रमाणहरुबाट देखिएकोले निज प्रतिवादीले सामुदायिक वन उपभोक्ता समुहको नाममा ल्याउनु पर्ने उक्त ट्र्याक्टर समुहको नाममा नल्याई उक्त शहीद स्मृति सामुदायिक वन उपभोक्ता समुहको रकम हिनामिना तथा हानीनोक्सानी गरेको देखिएकोले निज प्रतिवादी कर्ण बहादुर बिष्टले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूर गरेको पुष्टि हुन आएकोले निज प्रतिवादी कर्ण बहादुर बिष्टलाई भ्रष्टाचार | <u>फैसलाः</u><br>प्रतिवादीहरुलाई आरोप मागदावी भन्दा फरक तथा न्यून बिगो कायम गरी कसूर ठहर तथा सजाय भएको. साथै एकजना प्रतिवादीको हकमा आरोप मागदावीबाट सफाई पाउने समेतको फैसला भएको.<br>**<u>प्रतिवादी कर्ण बहादुर बिष्टको हकमाः</u>**<br>प्रस्तुत मुद्दामा विशेष अदालत, काठमाण्डौबाट मिति २०७९।१२।२८ मा फैसला हुँदा निज प्रतिवादी कर्ण बहादुर बिष्टलाई २ बर्ष ६ महिना कैद र कसूर कायम भएको बिगो बमोजिमको रकम रु.११,४१,०७४।– (अक्षरेपी एघारलाख एकचालीस हजार चौहत्तर मात्र) जरिवाना सजाय हुने तथा नोक्सानीको बिगो निज प्रतिवादीबाट असुल उपर हुने ठहरी फैसला भएको।<br>**<u>प्रतिवादी नवराज जोशीको हकमाः</u>**<br>प्रस्तुत मुद्दामा विशेष अदालत, काठमाण्डौबाट मिति २०७९।१२।२८ मा फैसला हुँदा निज प्रतिवादी नवराज | ❖ प्रस्तुत मुद्दाका प्रतिवादीहरुले योजनाबद्ध रुपमा शहिद स्मृति सामुदायिक वन उपभोक्ता समुहको कोषको रकम खर्च गरेर किनेको ट्र्याक्टर बदनियतपूर्वक व्यक्ति विशेषको नाममा दर्ता कायम गरी गराई निजहरुको मिलेमतोमा निजहरुले आफूहरुलाई गैरकानूनी लाभ र उक्त सामुदायिक वन उपभोक्ता समुहलाई हानी नोक्सानी पर्ने गरी र सामुदायिक वन उपभोक्ता समुहको सम्पत्तिको रक्षा गर्नुपर्ने आफ्नो कर्तव्य समेत निर्वाह नगरी बदनियतपूर्वक सामुदायिक वन उपभोक्ता समुहको नाममा कायम राख्नु पर्ने ट्र्याक्टरलाई निज प्रतिवादीहरु मध्येको नवराज जोशीको नाममा दर्ता कायम गरी प्रयोग तथा उपभोग समेत गरी गराई भ्रष्टाचारजन्य कार्य गरेको कारण उक्त सामुदायिक वन उपभोक्ता समुहलाई उक्त ट्र्याक्टर खरिद गर्दा गरेको खर्च रकम बराबरको बिगो रकम रु.१२,९०,०००।- हानीनोक्सानी भएको मिशिल संलग्न आ.व.२०६७।०६८ र आ.व.२०६८।०६९ को उक्त शहिद स्मृति सामुदायिक वन उपभोक्ता समुहको लेखापरीक्षण |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | निवारण ऐन, २०५९ को दफा १७ मा उल्लेख भए बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (च) बमोजिम सजाय गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम निजले हानी नोक्सानी गरेको बिगो रकम रु. १२,९०,०००।– (अक्षरेपी बाह्रलाख नब्बे हजार मात्र) निज प्रतिवादी कर्ण बहादुर बिष्टबाट असुल उपर गरी पाउन मागदाबी लिइएको।<br><br>**प्रतिवादी नवराज जोशीको हकमा:**<br>प्रतिवादी नवराज जोशीले शहीद स्मृति सामुदायिक वन उपभोक्ता समुहका अध्यक्ष कर्ण बहादुर विष्टको निर्देशनमा एम.पी.अटोमोबाइल्स, चटकपुर, धनगढी कैलालीबाट लिलाम हुन लागेको से १ त ४१६६ नं.को ट्रयाक्टरलाई ३ महिना भित्रमा सावाँ व्याज सहित रकम फिर्ता गर्ने गरी सम्झौता गरी रू.३,००,०००।- तिर्न लगाई आफनो नाममा नामसारी गरेको भनी वयान गरेको देखिएता पनि सो अनुसारको कुनै सम्झौता पेश गरेको देखिँदैन । मोडेल ६०५ Arjun इन्जिन नं. PMU ३७८०,चेसिस नं. PMU ३७८०, से १ त ४१६६ नं.को ट्रयाक्टरको लागि शहीद स्मृति सामुदायिक वन उपभोक्ता समुहबाट पटक पटक गरी रु.१२,९०,०००।- रकम बुझाएकोमा वन उपभोक्ता समितिलाई गैरकानुनी हानी र आफूलाई गैरकानुनी लाभ हुने गरी उक्त ट्रयाक्टर आफ्नो नाममा दर्ता गरेको हुँदा सामुदायिक वनको रकमबाट खरिद गरेको ट्रयाक्टर निजको हुन नसक्ने भएकोले निज नवराज जोशीको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) | जोशीलाई प्रस्तुत मुद्दाको आरोपित कसूरबाट सफाई पाउने ठहरी फैसला भएको।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरु:**<br>प्रस्तुत मुद्दामा सम्मानित बिशेष अदालत, काठमाण्डौबाट कुल २ जना प्रतिवादीहरुमध्ये १ जना प्रतिवादीले आरोपित कसूरबाट सफाई पाउने र १ जना प्रतिवादीको हकमा कैद तथा कायम भएको बिगो बमोजिमको जरिवाना सजाय हुने तथा हानीनोक्सानीको बिगो असुल उपर हुने समेत ठहरी आरोप मागदावी भन्दा न्युन बिगो कायम हुने समेत गरी आंशिक ठहर हुने गरी फैसला गर्दा लिईएका आधार तथा कारणहरु देहाय बमोजिम रहेका छन्:<br>ढ) मिशिल संलग्न प्रतिवादी कर्ण बहादुर बिष्टले गरेको बयानमा निजले आफ्नो कार्यकालमा सामुदायिक वन समुहको लागि एम.पी.अटोमोबाईल्स धनगढीबाट मिति २०६७।२।२८ गते ट्रयाक्टर खरिद गरिएको र उक्त ट्रयाक्टरको तत्कालिन मुल्य रु.१३,७०,०००।– रहेकोमा तत्कालिन अवस्थामा ट्रयाक्टरको पुरा रकम चुक्ता नगरेकोले उक्त ट्रयाक्टर एम.पी.अटोमोबाईल्सका स्थानीय प्रतिनिधि तथा उक्त सामुदायिक वनका साधारण सदस्य नवराज जोशीको नाममा दर्ता गरिएको हो र ट्रयाक्टरको बाँकी रहेको रकम, नवीकरण, बीमा नवराज जोशीले तिरेकोले ट्रयाक्टर निजको जिम्मामा रहेको हो भन्ने समेतका व्यहोरा उल्लेख गरी आरोपदावीलाई स्वीकार गरेको देखिएको ।<br>ण) प्रतिवादी कर्ण बहादुर बिष्टले आफू उपर भ्रष्टाचारको आरोपको छानविन भएको र बयान समेत गरेकोमा जानकार रहेकामा आफू निर्दोष रहेको, आरोप दावी बमोजिमको कसूर आफूबाट नभएको भए म्यादमा उपस्थित भई सवुत प्रमाण पेश गरी आफ्नो वास्तविक सहि साँचो व्यहोरा खुलाई बयान गरी मुद्दाको पुर्पक्ष गरी न्याय निरुपण कार्यमा अदालतलाई सघाउ सहयोग पु-याउनु पर्नेमा म्याद गुजारी फरारीको अवस्थामा रहेको देखिएको ।<br>त) प्रतिवादी नवराज जोशीले मौकामा तथा अदालत समक्ष गरेको बयानमा प्रस्तुत मुद्दाको आरोपित कसूरमा ईन्कार रही बयान गरेका ।<br>थ) प्रतिवादी नवराज जोशीका सम्बन्धमा सह प्रतिवादी कर्ण | प्रतिवेदन समेतमा उल्लेखित तथ्य, प्रमाण र आधारहरुलाई अनदेखागरी निज प्रतिवादीहरु मध्ये प्रतिवादी नवराज जोशीले आरोपित कसूरबाट सफाई पाउने र अर्का प्रतिवादी कर्ण बहादुर बिष्टलाई कसूर ठहर गरी सजाय गर्दा आरोपमागदावी भन्दा न्यून बिगो कायम हुने समेत गरी सजाय हुने ठहरी भएको फैसला प्रमाण विवेचनाको रोहमा सो हदसम्म त्रुटीपूर्ण भएकोले सो हदसम्म बदरभागी रहेको।<br>❖ मिशिल संलग्न रसिदहरु समेतबाट शहिद स्मृति सामुदायिक वन उपभोक्ता समुहको अध्यक्ष कर्ण बहादुर बिष्टले उक्त ट्रयाक्टर खरिदको भुक्तानी बापत एम.पी.अटोमोबाईल्स धनगढीलाई मिति २०६७।११।२८ मा रु.१,५०,०००।-, मिति २०६७।११।२९ मा रु.१,३५,०००।-, मिति २०६८।०७।०१ मा रु.१,००,०००।-, र मिति २०६८।१०।०२ मा रु.८,००,०००।-,गरी कुल जम्मा रु.११,८५,०००।– भुक्तानी गरेको तथा उक्त ट्रयाक्टरको बीमा लगायतका शीर्षकमा समेत समुहको कोषको रकम खर्च गरेको स्पष्ट देखिंदा देखिंदै प्रतिवादी कर्ण बहादुर बिष्ट र प्रतिवादी नवराज जोशीले आफूहरुलाई गैरकानूनी लाभ र उक्त शहिद स्मृति सामुदायिक वन उपभोक्ता समुहलाई रु.१२,९०,०००।– बराबरको हानीनोक्सानी गरे गराएको तथ्य र प्रमाणहरुबाट स्पष्ट देखिएकोले उक्त ट्रयाक्टरको तत्कालिन समयको कुल मुल्य रु.१३,७०,०००।–मा उक्त एम.पी.अटोमोबाईल्स धनगढीलाई तिर्न बुझाउन बाँकी रहेको रकम घटाएर हुन आएको रकम जुन रु.११,८५,०००।– भन्दापनि न्यून रहेको रकमलाई बिगो कायम गर्ने प्रमुख आधारमानी आरोप मागदावी भन्दा न्यून बिगो कायम हुने गरी ठहरी तथा अर्का प्रतिवादी नवराज जोशीलाई निजको अनुसन्धानको क्रममा भएको बयान र अदालत समक्ष भएको बयानको आधारमा प्रतिवादी कर्ण बहादुर विष्टसंग निज प्रतिवादीले ट्रयाक्टरका सम्बन्धमा मिति २०७०।४।१० मा गरेको सम्झौता समेतका प्रमाण कागजातबाट एम.पी.अटोमोबाईलसबाट शहीद स्मृति वन उपभोक्ता समुहले खरिद गरेको से १ त ४१६६ नं.को ट्रयाक्टरको अन्तिम किस्ता भुक्तान गर्न नसकेपछि वन समुहका अध्यक्ष कर्ण बहादुर बिष्टले निजलाई तपाई यो अन्तिम किस्ता रकम |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | बमोजिमको कसुर भएकोले निजलाई हानि नोक्सानी गरेको बिगो रकम रू.१२,९०,०००।— (अक्षरेपी बाह्रलाख नब्बे हजार मात्र) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी निजको नाममा रहेको मोडेल ६०५ Arjun इन्जिन नं. PMU ३७८०,चेसिस नं. PMU ३७८०, से १ त ४१६६ नं.को ट्रयाक्टर सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम जफत गरी शहीद स्मृति सामुदायिक वन उपभोक्ता समूह भिमदत्त न.पा.-३ तिलकपुरको नाममा कायम गरी पाउन समेत मागदाबी लिइएको । | बहादुर बिष्टको अनुसन्धानको बयान, नवराज जोशीको अनुसन्धानको क्रममा भएको बयान र अदालत समक्ष भएको बयान, सहायक वन अधिकृत जीवछ यादवको स्थलगत प्रतिवेदन व्यहोरा, प्रतिवादीका साक्षी गंगादत्त जोशीको बकपत्र व्यहोरा, प्रतिवादी कर्ण बहादुर विष्टसंग निज प्रतिवादीले ट्रयाक्टरका सम्बन्धमा मिति २०७०।४।१० मा गरेको सम्झौता समेतका प्रमाण कागजातबाट एम.पी.अटोमोबाईल्सबाट शहीद स्मृति वन उपभोक्ता समुहले खरिद गरेको से १ त ४१६६ नं.को ट्रयाक्टरको अन्तिम किस्ता भुक्तान गर्न नसकेपछि वन समुहका अध्यक्ष कर्ण बहादुर बिष्टले तपाई यो अन्तिम किस्ता रकम तिरिदिनुस र साधारण सभाबाट तपाईको नाममा ट्रयाक्टर दर्ता गर्ने निर्णय गर्छौं, पछि हामीले रकम तिरेपछी सो ट्रयाक्टर वन उपभोक्ता समुहका नाममा दिनुहोला भनेपछि मैले सो अन्तिम किस्ता वापतको करिब ३ लाख रुपैंया तिरिदिएको हो, सो रकम मलाई दिए पछि मैले ट्रयाक्टर वन उपभोक्ता समुहलाई फिर्ता दिनेछु भन्ने उल्लेख गरेको देखिएको ।सामुदायीक वनको ट्रयाक्टर लिने खाने निजको बदनियत नदेखिई आफूले प्रवाह गरेको ऋणबापत उक्त ट्रयाक्टर लिएको भन्ने देखिएको । यी कुनै पनि कृयाकलाप कारोवारमा निज प्रतिवादीको बदनियत, दुराशय र कुनियत रहेको देखिन नआएको ।निजको व्यवहारमा छलछाम र तिकडमको अभाव रहेको देखिएको ।<br>द) सामुदायिक वन उपभोक्ता समुहको ट्रयाक्टर व्यक्तिका नाउँमा दिनुले प्रतिवादी कर्ण बहादुर बिष्टको बदनियत पुष्टीहुन आएको ।निज प्रतिवादी अदालतमा अनुपस्थित रही निजले नै उपभोक्ता समुहको लेटरप्याडका साथमा पठाएको सम्झौताले मान्यता पाउने नदेखिएको ।<br>ध) मिशिल संलग्न तथ्य र प्रमाणहरुको मुल्यांकनको आधारमा शहिद स्मृति वन उपभोक्ता समुह भिमदत्त नगरपालिका वडा नं. ३ तिलकपुरको अध्यक्ष कर्ण बहादुर बिष्टले मोडेल नं. ६०५, Arjun, इन्जिन नं. PMU ३७८०, चेसिस नं. PMU ३७८०, को से १ त ४१६६ नं.को ट्रयाक्टर खरिद बापत रु.११,४१,०७४।– वन उपभोक्ता समुहबाट खर्च गरेपनि उक्त ट्रयाक्टर श्री एम.पी.अटोमोबाईल्सबाट दार्चुला निवासी | तिरिदिनुस र साधारणसभाबाट तपाईको नाममा ट्रयाक्टर दर्ता गर्ने निर्णय गर्छौं, पछि हामीले रकम तिरेपछी सो ट्रयाक्टर वन उपभोक्ता समुहका नाममा दिनुहोला भनेपछि मैले सो अन्तिम किस्ता वापतको करिब ३ लाख रुपैंया तिरिदिएको हो, सो रकम मलाई दिए पछि मैले ट्रयाक्टर वन उपभोक्ता समुहलाई फिर्ता दिनेछु भनी निजले भनेको, सामुदायीक वनको ट्रयाक्टर लिने खाने निजको बदनियत नदेखिई आफूले प्रवाह गरेको ऋणबापत उक्त ट्रयाक्टर लिएको भन्ने देखिने र निजको कुनै पनि कृयाकलाप कारोवारमा बदनियत, दुराशय र कुनियत रहेको देखिन नआएको, निजको व्यवहारमा छलछाम र तिकडमको अभाव रहेको देखिएको भनी निज प्रतिवादी नवराज जोशीलाई आरोपित कसूरबाट सफाई दिने ठहरी भएको सम्मानित बिशेष अदालत काठमाण्डौको फैसला सो हदसम्म त्रुटीपूर्ण भएकोले सो हद सम्म बदरभागी रहेको।<br>❖ प्रस्तुत मुद्दाका प्रतिवादीहरुले बदनियतपूर्वक शहिद स्मृति सामुदायिक वन उपभोक्ता समुहको नाममा आउनु पर्ने ट्रयाक्टरलाई अन्तिम किस्ता बापतको रकम भुक्तानी गर्न नसकेको कारणले उक्त ट्रयाक्टर लिलाम हुन लागेको भनी उल्लेख गरेतापनि सो को लागि प्रतिवादी कर्ण बहादुर बिष्ट समेतले अन्य उत्तम विकल्प र उपायबाट शहिद स्मृति सामुदायिक वन उपभोक्ता समुहको नाममा ट्रयाक्टर ल्याउने पहल तथा पर्याप्त उपायहरु गरेको समेत नदेखिनुले निज प्रतिवादीहरुको मिलेमतोमा उक्त शहिद स्मृति सामुदायिक वन उपभोक्ता समुहको नाममा ल्याउनु पर्ने ट्रयाक्टर बदनियतपूर्वक कलुशित मनसाय राखी प्रतिवादी नवराज जोशीको नाममा दर्ता कायम गरेको स्पष्ट देखिएको मिशिल संलग्न तथ्य र प्रमाणहरुलाई अनदेखा गरी भएको फैसला प्रमाण विवेचनाको रोहमा त्रुटीपूर्ण भएकोले बदरभागी रहेको।<br>प्रस्तुत मुद्दाका प्रतिवादीहरुले शहिद स्मृति सामुदायिक वन उपभोक्ता समुहको नाममा दर्ता कायम गर्नु पर्ने ट्रयाक्टर बदनियतपूर्वक अन्तिम किस्ता भुक्तानी गर्ने समयमा व्यक्तीको निजी सम्पत्ति जस्तो बनाई हकभोग र अधिकार कायम गर्ने, प्राप्ति र बेचबिखन गरी आफूहरुले गैरकानूनी लाभ लिनको लागि योजनावद्ध रुपमा दुराशयपूर्ण सोचराखी गरेको उक्त कामबाट उक्त सामुदायिक वन उपभोक्ता समुहलाई आरोप |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | प्रतिवादी मध्येका नवराज जोशीका नाममा दर्ता गरे गराएबाट शहिद स्मृति सामुदायिक वन उपभोक्ता समुहको रकम रु.११,४१,०७४।– हिनामिना हानीनोक्सानी गरेको पुष्टी भएको ।<br>न) प्रस्तुत मुद्दाका सम्बन्धमा वादी नेपाल सरकारको तर्फबाट प्रस्तुत सजायपूर्वको प्रतिवेदन समेतलाई आधार मान्दा कसूरदार ठहरीएका प्रतिवादी कर्ण बहादुर बिष्टलाई कसूरको मात्रा अनुसार निजलाई कानूनले तोकेको न्यूनतम सजाय तोक्दा पनि न्यायको मकसद पुराहुने देखिएको भनि उल्लेखित आधार र कारणबाट फैसला भएको अवस्था छ । | पत्रमा उल्लेखित बमोजिमको बिगो रकम रु.१२,९०,०००।– बराबरको हानीनोक्सानी भएको मिशिल संलग्न तथ्य र प्रमाणहरुबाट स्पष्ट देखिंदा देखिंदै निजहरुको कसूरको मात्रा बढि नै भएको अवस्था समेतलाई मध्यनजर गरी आरोपमागदावी बमोजिम सजाय गर्नु पर्नेमा सो नगरी प्रतिवादी कर्ण बहादुर बिष्टलाई आरोप मागदावी भन्दा फरक न्यून बिगो कायम हुने समेत गरी सजाय हुने गरी तथा अर्का प्रतिवादी नवराज जोशीले प्रस्तुत मुद्दाको आरोपित कसूरबाट सफाई पाउने ठहरी भएको फैसला निजहरुको कसूरको अनुपातमा नमिलेको तथा कसूरको गम्भीरतालाई समेत मध्यनजर नगरी भएको देखिएकोले उक्त फैसला सो हदसम्म त्रुटीपुर्ण भएकोले सो हदसम्म बदरभागी रहेको। |